नेपाल नागरिक उड्डयन प्राधिकरण

# मनोरञ्जनात्मक उड्डयन नियमावली, २०६९

नेपाल सरकारबाट स्वीकृत मिति २०६९/०८/१३

(पहिलो संसोधन स्वीकृत मिति २०७३/०३/३१

प्रकाशक :
नेपाल नागरिक उड्डयन प्राधिकरण
प्रधान कार्यालय
बबरमहल, काठमाण्डौ ।

# बिषय सूची

परिच्छेद - १

प्रारम्भिक


१. संक्षिप्त नाम र प्रारम्भ १
२. परिभाषा १

परिच्छेद - २

मनोरञ्जनात्मक उड्डयन नियमन समति सम्बन्धी व्यवस्था

३. समितिको गठन २
४. समितिको काम, कर्तव्य र अधिकार ३
५. महानिर्देशकको अधिकार ४

परिच्छेद - ३

मनोरञ्जनात्मक उड्डयन सम्बन्धी कृयाकलाप तथा सञ्चालन प्रमाणपत्र सम्बन्धी व्यवस्था

६. मनोरञ्जनात्मक उड्डयन सम्बन्धी कृयाकलाप ४
७. सञ्चालन प्रमाणपत्र ५
८. निवेदन दिनुपर्ने ५

परिच्छेद - ४

मनोरञ्जनात्मक उड्डयन सम्बन्धी उपकरण सम्बन्धी व्यवस्था

९. उपकरण दर्ता, खारेजी, भाडामा लिने वा दिने तथा स्वामित्व नामसारी सम्बन्धी व्यवस्था ७
१०. उडान योग्यताको प्रमाणपत्र ७
११. उपकरण तथा पार्टपूर्जाको उत्पादन, मर्मत संभार परीक्षण, ओभरहल तथा लगबुक ७
१२. उपकरणको पार्टपुर्जा आयात, निर्यात, संचय तथा विक्रि वितरण गर्ने संस्था तथा एजेण्ट ७

परिच्छेद - ५

व्यक्तिगत ईजाजत पत्र तथा रेटि· तथा प्राधिकार अनुमति सम्बन्धी व्यवस्था

१३. ईजाजत तथा रेटिङ्ग प्राप्त नगरी मनोरञ्जनात्मक उड्डयन सम्बन्धी कृयाकलापमा संलग्न हुन नहुने ७
१४. ईजाजत पत्र तथा रेटिङ्ग प्रमाणपत्र ७
१५. ईजाजत पत्र तथा रेटिङ्ग प्रमाणपत्र सम्बन्धी व्यवस्था ७
१६. प्राधिकार अनुमति पत्रको व्यवस्था ८

परिच्छेद - ६
गैह्र व्यवसायिक (एमेच्योर) मनोरञ्जनात्मक उड्डयन सम्बन्धी व्यवस्था

१७. गैह्र व्यवसायिक (एमेच्योर) मनोरञ्जनात्मक उड्डयन ८

परिच्छेद - ७
नविकरण सम्बन्धी व्यवस्था

१८. प्रमाणपत्र, ईजाजतपत्र, अनुमति तथा प्राधिकार पत्रको अवधि ९
१९. थप नविकरण शुल्क १०
२०. खारेजी हुने १०

परिच्छेद - ८
मनोरञ्जनात्मक उड्डयन प्रशिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

२१. निवेदन दिनु पर्ने १०
२२. निलम्वन वा खारेजी ११

परिच्छेद - ९
विविध

२३. म्यानुअल रिक्वायरमेण्टस् ११
२४. बचाउ १३

अनुसूचि - १ १४

नेपाल नागरिक उड्डयन प्राधिकरण

# मनोरञ्जनात्मक उड्डयन नियमावली, २०६९

नेपाल नागरिक उड्डयन प्राधिकरण, उड्डयन खेलकुद नियमावली, २०६९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ३४ ले दिएको अधिकर प्रयोग गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले देहायका नियमहरु बनएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम नेपाल नागरिक उड्डयन प्राधिकरण ♦मनोरञ्जनात्मक उड्डयन नियमावली, २०६९ रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

क) "ऐन" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ सम्भन्नु पर्छ ।

ख) "प्राधिकरण" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण सम्भन्नु पर्छ ।

ग) "संचालक समिति" भन्नाले प्राधिकरणको संचालक समिति सम्भन्नु पर्छ ।

घ) "समिति" भन्नाले नियम ३ बमोजिम गठन भएको मनोरञ्जनात्मक उड्डयन नियमन समिति सम्भन्नु पर्छ ।

ङ) "महानिर्देशक" भन्नाले प्राधिकरणको महानिर्देशक सम्भन्नु पर्छ ।

च) "प्रमाणपत्र" भन्नाले यस नियमावलीको नियम ७ बमोजिमको संचालन प्रमाणपत्र तथा नियम २१ बमोजिमको मनोरञ्जनात्मक उड्डयन प्रशिक्षण संस्थाको प्रमाणपत्र समेतलाई सम्भन्नु पर्छ ।

छ) "इजाजत" भन्नाले यस नियमावलीको नियम १३ बमोजिम जारी भएको ईजाजत तथा रेटिङ्ग समेतलाई सम्भन्नुपर्छ ।

ज) "अनुमति" भन्नाले यस नियमावलीको नियम ८ र नियम १७ बमोजिम जारी भएको पटके अनुमतिलाई सम्भन्नुपर्छ ।

झ) "प्राधिकारपत्र" भन्नाले यस नियमावलीको नियम १६ बमोजिम जारी भएको प्राधिकारपत्र (Authorization Letter) सम्भन्नुपर्छ ।

---

♦ पहिलो संशोधनद्वारा संशोधन ।

ञ) “म्यानुअल” तथा “रिक्वायरमेन्ट” भन्नाले नियम २३ बमोजिम जारी भएको म्यानुअल तथा रिक्वायरमेण्ट सम्झनुपर्छ ।

ट) “उपकरण” भन्नाले मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलाप संचालन गर्दा प्रयोग गरिने हट एयर वेलुन, प्याराग्लाईडिङ्ग, प्यारामोटर, प्याराजिन, प्यारासुट, माईक्रोलाईट, अल्ट्रालाईट विमान तथा त्यस्तै अन्य प्रकारका यन्त्र जडित वा रहित उपकरण सम्झनुपर्छ ।

## परिच्छेद-२
## मनोरञ्जनात्मक उड्डयन नियमन समिति

३. समितिको गठनः (१) मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलाप नियमन गर्नको लागि देहाय बमोजिमको मनोरञ्जनात्मक उड्डयन नियमन समिति गठन हुनेछ ।

(क) उपमहानिर्देशक, हवाई उड्डयन सुरक्षा नियमन निर्देशनालय (Civil Aviation Safety Regulation Directorate) – संयोजक

(ख) निर्देशक, उड्डयन सुरक्षा स्तर निर्धारण विभाग (Flight Safety Standard Department) – सदस्य

(ग) प्राधिकरणको एअर ट्राफिक सर्भिसेज समुहको कम्तीमा आठौं तहको अधिकृत – सदस्य

(घ) प्रचलित कानुन बमोजिम दर्ता भएको मनोरञ्जनात्मक उड्डयन संस्था मध्येवाट सवैभन्दा बढी ब्यावसायिक संस्था सदस्य भएको संचालक समितिले तोकेको संस्थाको प्रतिनिधि एकजना, –सदस्य

(ङ) मनोरञ्जनात्मक उड्डयनको संचालन प्रमाणपत्र प्राप्त कम्पनीहरु मध्येवाट एकजना प्राविधिक सहित संचालक समितिले तोकेको आधारमा तोकेको कम्पनीको दईजना प्रतिनिधि, – सदस्य

(च) उपनिर्देशक, उड्डयन स्तर निर्धारण तथा ईजाजतपत्र महाशाखा (Flight Standard and Licensing Division) वा प्राधिकरणको एअर

ट्राफिक सर्भिसेज समूहको कम्तीमा दशौं तहको अधिकृत – सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (घ) र (ङ) बमोजिमको सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(३) समितिले समितिको बैठकमा आवश्यकता अनुसार विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिले आफ्नो कार्य सम्पादनको सिलसिलामा समितिको सदस्य लगायत अन्य विशेषज्ञ रहेको उपसमिति गठन गर्न सक्नेछ ।

(५) समितिको संयोजकले समितिको प्रशासकिय प्रमुखको हैसियतमा काम गर्नेछ ।

(६) महानिर्देशकले तोकेको प्राधिकरणका कर्मचारीले समितिको समेत काम हेर्नेछ ।

(७) समितिको सचिवालय प्राधिकरणको हवाई उड्डयन सुरक्षा नियमन निर्देशनालयमा रहनेछ ।

(८) समितिले आफ्नो कार्यविधि आफै वनाई लागु गर्न सक्नेछ ।

४. <u>समितको काम, कर्तब्य र अधिकार:</u> (१) समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलापसँग सम्बन्धित नीति, योजना तथा कार्यक्रम तयार गरी महानिर्देक समक्ष पेश गर्ने ।

(ख) मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलाप हुन सक्ने संभाव्य स्थलको पहिचान गर्ने र त्यस्ता स्थानमा आवश्यकपुर्वाधार संरचनाको विकास गर्ने ।

(ग) मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलाप संचालनको लागी आवश्यक रिक्वारमेण्टस, म्यानुअल, कार्यविधि तथा विशिष्ट संचालन प्रकृया (Standard Operating Procedure) को मसौदा तयार गरी स्वीकृतिको लागी महानिर्देशक समक्ष पेश गर्ने ।

(घ) खण्ड (ग) बमोजिम तयार भएका रिक्वारमेण्टस, म्यानुअल, कार्यविधि तथा विशिष्ट संचालन प्रकृया (Standard Operating Procedure) बमोजिम मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलाप संचालन भए नभएको नियमन गर्ने ।

(ङ) मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलाप संचालन प्रमाणपत्र (Aviation Sports Operation Certificate) जारी,

नविकरण, निलम्बन तथा रद्ध गर्न महानिर्देशक समक्ष सिफारिस गर्ने ।

(च) मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलाप सञ्चालन व्यवसायीक रुपमा संलग्न हुन चाहने पाईलट तथा ईन्जिनियरलाई प्रशिक्षण दिने संस्थाको सञ्चालन प्रमाणपत्र (Operation Certificate) जारी, नविकरण, निलम्बलन तथा रद्ध गर्न महानिर्देशक समक्ष पेश गर्ने ।

(छ) मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलापमा ब्यावसायीक रुपमा संलग्न हुन चाहने पाईलट, ईन्जिनियर तथा अन्य दक्ष प्राविधिकहरुलाई अनुमति पत्र (License) प्राधिकारपत्र (Authorization Letter) जारी, नविकरण, निलम्बन तथा रद्ध गर्न महानिर्देशक समक्ष सिफारिस पेश गर्ने ।

(ज) उपकरण दर्ता, खारेजी तथा भाडामा लिने वा दिने तथा स्वामित्व नामसारी गर्न महानिर्देशक समक्ष सिफारिस पेश गर्ने ।

(झ) उपकरण उडान योग्यताको प्रमाणपत्र जारी गर्न महानिर्देशक समक्ष सिफारिस पेश गर्ने ।

(ञ) मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलाप सम्बन्धमा महानिर्देशक मार्फत सञ्चालक समिति समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने ।

(ट) मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलापको वारेमा महानिर्देशकवाट निर्देशन भए बमोजिमका अन्य कार्य गर्ने ।

५. महानिर्देशकको अधिकारः यस नियमावली बमोजिमको प्रमाणपत्र, ईजाजतपत्र, अनुमतिपत्र, प्राधिकारपत्र जारी नविकरण, निलम्बन तथा रद्ध गर्ने अधिकार समितिको सिफारिसमा महानिर्देशकलाई हुनेछ ।

## परिच्छेद-३
## मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलाप तथा सञ्चालन प्रमाणपत्र

६. मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलापः हट एयर वेलुन, प्याराग्लाईडिङ्ग, ह्याङ्गग्लाईडर, प्यारामोटर, प्याराजिन, प्यारासुट, माईक्रोलाईट, अल्ट्रालाईट विमान तथा त्यस्तै अन्य प्रकारका उपकरणवाट गरिने मनोरन्जनात्मक, साहसिक तथा दृश्यावलोकन सम्बन्धि कृयाकलापलाई मनोञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलाप मानिनेछ ।

तर यात्रु तथा यात्रुका सामान र अन्य मालसामान एक विन्दुवाट अर्को विन्दु सम्म हवाई यातायातको माध्यमवाट परिवहन गर्ने प्रयोजनका

उडानलाई मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलाप मानिने छैन ।

७. सञ्चालन प्रमाणपत्रः यस नियमावली बमोजिम सञ्चालन प्रमाणपत्र नलिई मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कुनैपनि कृयाकलाप सञ्चालन गर्न गराउन हुँदैन ।

८. निवेदन दिनुपर्नेः (१) प्रचलित कानुन बमोजिम ईजाजत प्राप्त मनोरञ्जनात्मक उड्डयन सञ्चलन संस्थाले ♣"नियम ७ बमोजिमको" मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलाप सञ्चालन प्रमाणपत्र पाउन अनुसुची बमोजिमको शुल्क सहित रिक्वायरमेन्ट्स बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजात संलग्न गरी समिति समक्ष निवेदन पेश गर्नुपर्छ ।

(क) प्रचलित नेपाल कानून बमोजिम जारी भएको ईजाजत पत्र,

(ख) कम्पनी दर्ता प्रमाणपत्रको छाँयाप्रति

(ग) उद्योग दर्ता प्रमाणपत्रको छाँयाप्रति

(घ) PAN वा VAT दर्ता प्रमाणपत्रको छाँयाप्रति

(ङ) कम्पनी प्रबन्धपत्र/प्रबन्ध नियमावलीको छाँयाप्रति

(च) उद्यमी (Promoter) हरुको नागरिकता प्रमाणपत्रको छाँयाप्रति सहित व्यक्तिगत विवरण (Bio-Data) ♣

(छ) संभाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report)

(ज) कम्पनीमा संलग्न दक्ष जनशक्तिहरुको नाम नामेसी सहितको व्यक्तिगत विवरण (Biodata), ♣नियुक्तिपत्र वा सम्झौतापत्र वा व्यक्तिगत इजाजतपत्रको प्रतिलिपि

(झ) नेपाल सरकारवाट स्वीकृत हवाई नीति बमोजिमको चुक्ता पुँजिको विवरण ♣र रु. १० लाख बराबरको बैंक ग्यारेण्टी

(ञ) हट एयर वेलुन, अल्ट्रालाईट वा माक्रोलाईट, ✂पावरग्लाईडर जस्ता प्रमाणपत्रका लागी प्राधिकरणले तोके बमोजिमको म्यानुअल,

(ट) प्याराग्लाईडिङ्ग, प्यारामोटर, ह्याङ्गग्लाईडिङ्गको लागी (Operation Manual/ Training Manual)

♣(ठ) बिमानस्थल भन्दा अन्य स्थानबाट आधारक्षेत्र भई अपरेशन संचालन हुने कम्पनिको लागी टेकअफ र लेण्डिङ्ग साईटको जग्गा उपयोग गर्न पाउने आधिकारीक कागजात

---

♣ पहिलो संशोधनद्वारा थप ।

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

♣(ड) "कम्पनिको कार्यालयका लागी घर वहाल सम्झौतापत्र वा कम्पनिको निजी स्वामित्व देखिने कागजात ।

♣(ढ) अनुसुचिमा तोके बमोजिम आवश्यकतानुसारका सम्पुर्ण शुल्कहरु तिरेको रसिद ।

♣(ण) "रिक्वायरमेण्ट्समा उल्लेख भए बमोजिमका अन्य कागजातहरु ।"

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन समितिले जाँच गर्दा रिक्वायरमेन्ट्स बमोजिमका प्रकृयाहरु पुरा भएको देखिएमा निवेदकलाई मनोरञ्जनात्मक उड्डयन सञ्चालन प्रमाणपत्र प्रदान गर्न महानिर्देशक समक्ष सिफारिस गर्नेछ । यस क्रममा आवश्यकतानुसार शर्तहरु समेत तोक्न सक्नेछ ।

♣(३) विशेष अनुमति : मनोरञ्जनात्मक उड्डयन सञ्चालन प्रमाणपत्र प्राप्त कम्पनिले उक्त प्रमाणपत्रमा नियमितरुपमा व्यवसायीक उडानका लागी तोकिएको आधार क्षेत्र भन्दा वाहेकका क्षेत्रहरुमा कुनै सभा, सम्मेलन, समारोह तथा महोत्सवस्थलमा उडान गर्न, प्रतिस्पर्धात्मक उडान गर्न तथा नयां व्यवसायीक कम्पनि खोल्ने प्रयोजनका लागी संम्भाव्यता अध्ययन (फिजिविलीटी स्टडी) गर्ने प्रयोजनका लागी उडान गर्न चाहनेले देहाय बमोजिमका कागजात संलगन गरी निवेदन दिएमा प्राधिकरणले आवश्यक शर्तहरु तोकी अनुसूचीको ११ नं. मा उल्लेख भएवमोजिमको विशेष अनुमति उडान शुल्क लिई विशेष उडान अनुमति प्रदान गर्न सक्नेछ :-

क) संस्था वा व्यक्तिको निवेदन ।

ख) पाईलटको अनुमति पत्रको छाँयाप्रति (विदेशी पाईलट भएमा गैह्र पर्यटक भिषा सहितको राहदानी र श्रम स्वीकृति पत्रको छाँयाप्रति समेत) ।

ग) तेश्रो पक्षीय दायित्व सहितको विमा सम्वन्धी कागजातको छाँयाप्रति,

घ) उडान सम्बन्धि देहायको विवरणः-

१) उडने स्थान तथा अवतरण स्थान,

२) उडानको उचाई (अधिकतम)

३) उडानको मिति र समय,

४) उडानको उद्देश्य वा प्रयोजन ।

---

♣ पहिलो संशोधनद्वारा थप ।

## पच्छिेद-४
## मनोरञ्जनात्मक उड्डयन सम्बन्धि उपकरण

९. उपकरण दर्ता, खारेजी, भाडामा लिने वा दिने तथा स्वामित्व नामसारी सम्बन्धि व्यवस्थाः उपकरणदर्ता, खारेजी, भाडामा लिने वा दिने तथा स्वामित्व नामसारी सम्बन्धि प्रकृया तथा कार्यविधि रिक्वायरमेन्ट्समा उल्लेख भए बमोजिम हुनेछ ।

१०. उडान योग्यताको प्रमाणपत्रः उपकरण उडान योग्ताको प्रमाणपत्र जारी गर्ने सम्बन्धि प्रकृया तथा कार्यविधि रिक्वायरमेन्ट्समा उल्लेख भए बमोजिम हुनेछ ।

११. उपकरण तथा पार्टपुर्जाको उत्पादन, मर्मत सम्भार परिक्षण, ओभरहल तथा लगबुकः उपकरण तथा पार्टपुर्जाको उत्पादन, मर्मत सम्भार परिक्षण, ओभरहल तथा लगबुक राख्ने गर्ने सम्बन्धि प्रकृया तथा कार्यविधि रिक्वायरमेन्ट्समा उल्लेख भए बमोजिम हुनेछ ।

१२. उपकरणको पार्टपुर्जा आयात, निर्यात संचय तथा विक्रि वितरण गर्ने संस्था तथा एजेण्टः उपकरणको पार्टपुर्जा आयात, निर्यात संचय तथा विक्रि वितरण गर्ने संस्था तथा एजेण्टलाई अनुमति वा प्रमाणपत्र दिने सम्बन्धि प्रकृया तथा कार्यविधि रिक्वायरमेन्ट्समा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## ब्यक्तिगत ईजाजत पत्र तथा रेटिङ्ग तथा प्राधिकार अनुमति

१३. ईजाजत तथा रेटिङ्ग प्राप्त नगरी मनोरञ्जनात्मक उड्डयन सम्बन्धी कृयाकलापमा संलग्न हुन नहुनेः (१) रिक्वायरमेन्ट्समा उल्लेख भए बमोजिमको योग्यता, ईजाजत तथा रेटिङ्ग प्राप्त गर्नुपर्ने पाईलट तथ ईन्जिनियरले सो बमोजिमको योग्यता, ईजाजत तथा रेटिङ्ग प्राप्त नगरी मनोरञ्जनात्मक उड्डयन सम्बन्धी कृयाकलापमा संलग्न हुनु हुँदैन ।

♣(२) उपनियम (१) बमोजिमको व्यक्तिगत इजाजतपत्र/रेटिङ्ग बापतको शुल्क अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

१४. ईजाजत पत्र तथा रेटिङ्ग प्रमाणपत्रः ईजाजत पत्र तथा रेटिङ्ग प्रमाणपत्र जारी गर्ने प्रकृया रिक्वायरमेन्ट्समा उल्लेख भए बमोजिम हुनेछ ।

१५. ईजाजत पत्र रेटिङ्ग प्रमाणपत्र सम्बन्धि अन्य व्यवस्थाः ईजाजत पत्र तथा रेटिङ्ग प्रमाणपत्रको अवधि नविकरण, स्थगित वा रद्ध गर्ने प्रकृया रिक्वायरमेन्ट्समा उल्लेख भए बमोजिम हुनेछ ।

---

[5] ♣ पहिलो संशोधनद्वारा थप ।

१६. प्राधिकार अनुमति पत्रको व्यवस्था: (१) मनोरञ्जनात्मक उड्डयन सम्बन्धि कृयाकलापसँग सम्बन्धित विदेशी पाईलट तथा उपकरण मर्मत कार्यमा संलग्न दक्ष जनशक्तिले प्राधिकारपत्र (Authorization) प्राप्त नगरी त्यस्तो काममा संलग्न हुनु हुँदैन ।

(२) यस्तो प्राधिकारपत्र जारी, नविकरण, स्थगित वा रद्ध गर्ने प्रकृया रिक्वायरमेन्ट्समा उल्लेख भए बमोजिम हुनेछ ।

(३) नेपाली पाईलटहरुले प्राधिकारपत्र लिएमा ६ महिना भित्र अनुमति पत्र लिनु पर्नेछ ।

## परिच्छेद-६

## ♦ गैह्र व्यवसायिक (एमेच्योर) मनोरञ्जनात्मक उड्डयन

♦१७. ग्रैह्र व्यवसायिक (एमेच्योर) मनोरञ्जनात्मक उड्डयन (१) गैह्र व्यवसायिक (एमेच्योर) मनोरञ्जनात्मक उड्डयन संचालन गर्ने संस्थाले प्राधिकरणसँग अनुमति लिई मात्र त्यस्तो कृयाकलाप संचालन गर्नु पर्नेछ ।

(२) उपनियम १ बमोजिमको उडान अनुमति दिँदा प्राधिकरणले तोकेको उडान क्षेत्रमा, उचाई, समय तथा अन्य आवश्यक शर्तहरु तोकी अनुमति दिन सक्नेछ ।

३) व्यक्तिगतरुपमा गैह्र व्यवसायीक उडान गर्न चाहने व्यक्तिले उडान गर्ने स्थानको निकटस्थ बिमानस्थल स्थीत नागरिक उड्डयन कार्यालयको अनुमति लिई तोके बमोजिम उडान गर्न सक्नेछ ।

४) उपनियम १ र ३ बमोजिमको गैह्र व्यवसायीक प्रयोजनका लागी गरिने उडान (एमेच्योर र सोलो) वाफत कुनै शुल्क लाग्ने छैन र त्यस्तो उडान गर्दा तेस्रो पक्षलाई हुन सक्ने हानी नोक्सानीको क्षतिपूर्तिको व्यवस्था सम्बन्धित चालकले नै गर्नुपर्ने छ ।

♣१७क पटके उडान अनुमति : १) कुनै विदेशी नागरिकले पटके रुपमा नेपालमा गैह्र व्यवसकायीक प्याराग्लाईडिङ्ग उडान गर्न चाहेमा मनोरञ्जनात्मक उड्डयन संचालन प्रमाणपत्र प्राप्त संस्था मार्फत त्यस्तो उडान गर्न सक्नेछ ।

---

♦ पहिलो संशोधनद्वारा संशोधन ।

♣ पहिलो संशोधनद्वारा थप ।

२) उपनियम (१) बमोजिमको पटके उडान अनुमतिका लागी सम्बन्धित संस्थाले प्राधिकरणले तोकेको प्रकृया पूरा गरी नजिकको नागरिक उड्डयन कार्यालयमा निवेदन दिनुपर्नेछ ।

३) यस नियम बमोजिमको पटके उडान अनुमति एक पटकमा १५ (पन्ध्र) दिनको लागि मात्र मान्य हुने गरि सम्बन्धित नागरिक उड्डयन कार्यालयबाट प्रदान गरिने छ ।

४) उपनियम (२) बमोजिम प्राप्त निवेदन बमोजिमको अनुमति दिन अन्य कुनै निकाय वा अधिकारीको राय, परामर्श तथा स्वीकृती लिन आवश्यक भएमा सो लिई अनुसुचि वमोजिमको शुल्क लिई अनुमति दिन सकिने छ ।

## परिच्छेद-७

## नविकरण सम्बन्धि व्यवस्था

१८. प्रमाणपत्र, ईजाजतपत्र, अनुमति तथा प्राधिकार पत्रको अवधिः ♦(१) यस नियमावली बमोजिम जारी भएको प्रमाणपत्र तथा अनुमतिपत्रको म्याद जारी भएको मितिबाट एक वर्षसम्म मान्य हुनेछ ।

(२) प्रमाणपत्र तथा अनुमतिपत्र नविकरणको लागी उपनियम (१) बमोजिमको म्याद सकिनु भन्दा पैतालीस दिन अगावै नविकरणको लागी अनुसूची बमोजिमको नविकरण दस्तुर तथा देहाय बमोजिमको कागजातको छाँयाप्रति सहित म्यानुअल वा रिक्वायरमेन्ट्समा उल्ललेख भए बमोजिम समितिमा निवेदन दिनु पर्नेछ ।

(क) उडान सञ्चालन संस्थाको प्रमाणपत्र,
(ख) ईजाजत पत्र,
(ग) कम्पनी दर्ता प्रमाणपत्र,
(घ) उद्योग दर्ता प्रमाणपत्र,
(ङ) PAN तथा VAT दर्ता प्रमाणपत्र,
(च) कम्पनीको प्रबन्ध पत्र/प्रबन्ध नियमावली,
(छ) उद्यमी (Promotor) हरुको नागरिकताको प्रमाणपत्र,
(ज) लेखा परिक्षण प्रतिवेदन,
(झ) संलग्न दक्ष जनशक्तिहरुको नाम नामेसी सहितको ब्यक्तिगत विवरण,
(ञ) कर चुक्ता प्रमाणपत्र,
(ट) उपकरणहरुको विवरण,

---

[8] ♦ पहिलो संशोधनद्वारा संशोधन ।

(ठ) रिक्वायरमेन्ट्समा उल्लेख भए बमोजिमका अन्य कागजात ।

(३) उपनियम (२) बमोजिमको नविकरणको लागी प्राप्त निवेदनको सम्बन्धमा समितिले आवश्यक भएमा निरिक्षण गरी नविकरणको लागी महानिर्देशक समक्ष सिफारिस गर्नेछ ।

(४) नविकरण सम्बन्धि अन्य व्यवस्था रिक्वायरमेन्ट्समा उल्लेख भए बमोजिम हुनेछ ।

१९. थप नविकरण शुल्कः नियम १८ बमोजिमको म्याद भित्र नविकरण हुन नसकेमा अनुसूचीमा उल्लेखित नविकरण शुल्कमा देहाय बमोजिमको दरले थप नविकरण शुल्क लाग्नेछ :-

(क) म्याद समाप्त भएको मितिले पैतिस दिन भित्र पच्चीस प्रतिशत,

(ख) म्याद समाप्त भएको मितिले नब्बे दिन भित्र पचास प्रतिशत,

(ग) म्याद समाप्त भएको मितिले एकसय असी दिन भित्र पचहत्तर प्रतिशत,

२०. खारेजी हुनेः नियम १९ बमोजिम निर्धारित म्याद भित्र नविकरण नभएका प्रमाणपत्र, ईजाजतपत्र, अनुमति वा अधिकारपत्र स्वत खारेज भएको मानिनेछ ।

## परिच्छेद-८
## मनोरञ्जनात्मक उड्डयन प्रशिक्षण संस्थाको स्थापना र सञ्चालन

२१. निवेदन दिनुपर्नेः (१) प्रचलित नेपाल कानून बमोजिम ईजाजत प्राप्त मनोरञ्जनात्मक उड्डयन प्रशिक्षण संस्थाले मनोरञ्जनात्मक उड्डयन प्रशिक्षण अनुमतिका लागी देहाय बमोजिमका कागजातको छाँयाप्रति सहित दस्तुर संलग्न गरी समिति समक्ष निवेदन दिनुपर्नेछ :-

(क) प्रचलित नेपाल कानून बमोजिम जारी भएको ईजाजतपत्र,

(ख) कम्पनी दर्ताप्रमाणपत्र,

(ग) उद्योग दर्ता प्रमाणपत्र,

(घ) PAN तथा VAT दर्ता प्रमाणपत्र,

(ङ) कम्पनीको प्रबन्ध पत्र/प्रबन्ध नियमावली,

(च) उद्यमी (Promotor) हरुको नागरिकताको प्रमाणपत्र,

(छ) संभाब्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report)

(ज) संलग्न दक्ष जनशक्तिहरुको नाम नामेसी सहितको ब्यक्तिगत विवरण,

(झ) हवाई नीति, २०६३ मा उल्लेख भए बमोजिमको चुक्ता पुजिँको विवरण,

(ञ) हट एयर वेलुन, अल्ट्रालाईट वा माईक्रोलाईट जस्ता प्रमाणपत्रका लागी प्राधिकरणले तोकेको म्यानुअलहरु,

(ट) प्याराग्लाईडिङ्ग, प्यारामोटर, ह्याङ्गग्लाईडिङ्ग आदीको लागी Operation Manual/ Training Manual

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा समितिले जाँचबुझ गर्दा अनुमति दिन उपयुक्त देखेमा आवश्यक शर्तहरु तोकी मनोरञ्जनात्मक उड्डयन प्रशिक्षण संस्थाको प्रमाणपत्र प्रदान गर्न महानिर्देशक समक्ष सिफारिस गर्नेछ ।

(३) मनोरञ्जनात्मक उड्डयन प्रशिक्षण संस्था सम्बन्धि अन्य व्यवस्था रिक्वायरमेन्ट्समा उल्लेख भए बमोजिम हुनेछ ।

२२. निलम्बन वा खारेजः (१) यस नियमावलीको बमोजिम जारी प्रमाणपत्र, ईजाजतपत्र, अधिकारपत्र वाहकले ऐन, नियमावली, रिक्वायरमेन्ट्स तथा म्यानुअलमा उल्लेखित व्यवस्था विपरित कार्य गरेमा समितिले त्यस्तो प्रमाणपत्र, ईजाजतपत्र, अधिकारपत्र बढीमा ६ महिनासम्मको लागी निलम्बन वा खारेज गर्नको लागी महानिर्देशक समक्ष सिफारिस गर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रमाणपत्र, ईजाजतपत्र, अधिकारपत्र निलम्बन वा खारेजीको सिफारिस गनु अघि निजलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।

## परिच्छेद-९
## विविध

२३. म्यानुअल रिक्वायरमेन्ट्सः (१) यस नियमावलीको कार्यान्वयनका लागी समितिको सिफारिसमा महानिर्देशकले आवश्यक म्यानुअल, रिक्वायरमेन्ट्स तथा कार्यविधि वनाई लागु गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यानुअल, रिक्वायरमेन्ट्स तथा कार्यविधि बनाई लागु गर्ने प्रयोजनको लागी प्रचलित कानूनको प्रतिकुल नहुने गरी मनोरञ्जनात्मक उड्डयनसँग सम्बन्धित अन्तराष्ट्रिय प्रचलन प्रकृया व्यवस्था मापदण्ड समेतको अध्ययन गरी आवश्यकता अनुसार उपयोग गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको म्यानुअल, रिक्वायरमेन्ट्स तथा कार्यविधि नबने सम्म समितिले नागरिक उड्डयनसँग सम्बन्धित प्रचलित ऐन, नियम, नीति नियमावली, रिक्वायरमेन्ट्स तथा म्यानुअल बमोजिमको प्रकृया लागु गर्नेछ ।

(४) पावर नभएका प्याराग्लाईड, ह्याङ्गग्लाईडर जस्ता उपकरणको नियमनका लागी जरी गरिने प्रमाणपत्र मानै Terms and Conditions तथा Specific Operating Provision तोक्नेछ ।

(५) यस नियमावली बमोजिम प्रमाणपत्र, इजाजतपत्र, अधिकारपत्र जारि गर्दा म्यानुअल, रिक्वायरमेण्ट्स तथा कार्यविधिमा लेखिए देखि बाहेक अन्य आवश्यक शर्तहरु तोक्न सकिने छ ।

(६) ✂

♣ २३क. <u>संस्थाबाट कार्य गराउन सकिने</u> : (१)प्याराग्लाईडर, ह्यांगग्लाईडर जस्ता मनोरञ्जनात्मक उड्डयन कृयाकलापहरुको कार्यलाई व्यवस्थितरुपमा संचालन गर्न गराउन मनोरञ्जनात्मक उड्डयन संग सम्बन्धित व्यवसायीक कम्पनिहरु आवद्ध भएको संगठित संस्था बाट प्राधिकरणले आवश्यकतानुसार तोकिए बमोजिमको कार्य गराउन सक्ने छ ।

(२) उपनियम १ बमोजिमको कार्य गरे वापत त्यस्तो संगठित संस्थालाई प्राधिकरणले आवश्यकतानुसार अनुदानको व्यवस्था गर्न सक्नेछ ।

♣२३ख. <u>उडान गर्न नहुने</u> : १) वायुयानको हवाई मार्ग, उडान तथा अवतरण मार्गमा उडान सुरक्षालाई प्रतिकुल असर पर्ने गरि कसैले पनि मनोरञ्जनात्मक उड्डयन कृयाकलाप सञ्चालन गर्न गराउन हुदैन ।

२) निषेधित क्षेत्रहरुमा सम्बन्धित निकायको स्वीकृती विना कसैले पनि मनोरञ्जनात्मक उड्डयन कृयाकलाप सञ्चालन गर्न गराउन हुदैन ।

३) प्राचिन स्मारक, संरक्षित क्षेत्रमा अवस्थित राष्ट्रिय महत्वका संरचना तथा वस्तुहरुको भौतिक संरचनामानै परिवर्तन आउने वा वन्यजन्तु आरक्षण क्षेत्रभित्र जीव जन्तु तथा उनीहरुको वासस्थानमा प्रतिकूल असर पुग्ने वा हिमशिखरहरुको भौतिक तथा वातावरणीयरुपमा उल्लेखिनीय असर पर्ने अवस्था देखिएमा प्राधिकरणले सोको कारण खोली सो क्षेत्रमा उडान अनुमति दिन ईन्कार गर्न सक्नेछ ।

४) मनोत्तेजक पदार्थहरु (Psychoactive Substances) को प्रभावमा रही कुनैपनि उडान गर्न गराउनु हुदैन ।

५) सोह्र वर्ष उमेर नपुगेका नावालक यात्रुलाई संरक्षकको अनुमति विना मनोरञ्जनात्मक उड्डयन उपकरणमा राखी उडान गराउनु हुदैन ।

६) कम्पनिको संचालन प्रमाणपत्रमा तोकिएकोमा वाहेक व्यवसायीक मनोरञ्जनात्मक उड्डयन गतिबिधि सञ्चालन हुने क्षेत्रमा

---

[१] ♣ पहिलो संशोधनद्वारा थप ।

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

प्राधिकरणको अनुमति विना गैह्र व्यवसायीक मनोरञ्जनात्मक उड्डयन गतिबिधि गर्न गराउनु हुदैन ।

(७) बिमानस्थलबाट उडान गर्ने कम्पनिले प्रचलित नियमानुसारको यात्रु सेवा शुल्क बुझाउनु पर्ने छ ।

♣२३ग. भाडादर सार्वजनिक गर्नुपर्ने : मनोरञ्जनात्मक उड्डयन कृयाकलापलाई व्यवसायीकरुपमा संचालन गर्ने कम्पनिहरुले यात्रुबाट लिने भाडादरमा सर्वसाधारणको जानकारीको लागी सार्वजनिक गर्नूपर्ने छ ।

♣२३घ. शुल्क दस्तुरमा छुट दिन सकिने : नेपालमा मनोञ्जनात्मक उड्डयन कृयाकलापलाई प्रोत्साहन गर्न पोखरा उपत्यका बाहिर यस्ता कृयाकलाप सञ्चालन गर्न चाहने कम्पनिलाई अनुसूचीमा उल्लेख भए बमोजिमका व्यक्तिगत ईजाजतपत्र वाहेकका अन्य सवै शुल्क र दस्तुरमा आधा छुट दिइने छ ।

♣२३ङ. सजायः नियम २३ख मा उल्लेख भएका व्यवस्थाहरुको उल्लंघन भएको पाईएमा महानिर्देशकले सम्बन्धित चालक वा कम्पनिलाई प्रचलित कानुन बमोजिम कसुरको मात्रा हेरी जरिवाना वा यस नियम बमोजिम जारी गरिएका प्रमाणपत्र निलम्बन वा रद्ध गर्न सक्नेछ ।

२४. बचाउः (१) नियमावली प्रारम्भ हुनु अघि प्राधिकरणवाट जारी भएका ईजाजत, अनुमति तथा प्रमाणपत्रहरु यसै नियमावली बमोजिम जारी भएको मानिनेछ र अन्य व्यवस्थाहरु यसै नियमावली बमोजिम हुनेछ ।

(२) प्राधिकरण तथा अन्तराष्ट्रिय संघ संस्थाले पाईलट, ईन्जिनियर लगायत दक्ष प्राविधिकहरुलाई प्रदान गरेको अनुमति पत्र (License) वा प्राधिकारपत्र (Authorization) लाई यो नियमावली लागु भएको मितिले ६ महिना सम्म हुनेछ ।

तर मनोरञ्जनात्मक उड्डयनसँग सम्बन्धित पाईलट ईन्जिनियर लगायत दक्ष प्राविधिकहरुले आवश्यकता अनुसार यो नियमावली बमोजिमको ईजाजत वा अनुमतिपत्र (License) वा प्राधिकारपत्र (Authorization) ६ महिना भित्र लिई सक्नुपर्नेछ ।

(३) यो नियमावलीमा उपयोग भएका प्राविधिक परिभाषिक शब्दावली (Technical Terminology) लाई नेपाल नागरिक उड्डयन प्राधिकरणवाट जारी भएका म्यानुअल, रिक्वायरमेन्ट्स नियमावलीहरु तथा अन्तराष्ट्रिय नागरिक उड्डयन संगठनको ANNEX मा उल्लेख भएकै अर्थमा प्रयोग गरिनेछ ।

---

♣ पहिलो संशोधनद्वारा थप ।

(४) यस नियमावलीमा लेखिएकोमा यसै नियमावली बमोजिम हुनेछ अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## ♦ अनुसुची-१

१) मनोरञ्जनात्मक उड्डयन संन्चालन प्रमाणपत्र शुल्क :

| उपकरणको प्रकार | अनुमति तथा प्रमाणपत्र शुल्क |
|---|---|
| क) हट एयर वेलुन | रु.२७००००।- |
| ख) अल्ट्रालाईट/माइक्रोलाईट | रु.२४००००।- |
| ग) प्यारामोटर तथा अन्य यन्त्र जडित उडान उपकरण | रु.२१००००।- |
| घ) यन्त्ररहित प्यारासुट, प्याराजिन, प्याराग्लाईडिङ्ग, ह्याङ्गग्लाईडिङ्ग जस्ता उपकरणहरु | रु.१५००००।- |

२) उपकरणको दर्ता शुल्क :

| उपकरणको प्रकार | दर्ता शुल्क |
|---|---|
| क) हट एयर वेलुन | रु.३०,०००।- |
| ख) अल्ट्रालाईट/माइक्रोलाईट/ | रु.२४,०००।- |
| ग) प्यारामोटर तथा अन्य यन्त्र जडित उडान उपकरण | रु.१८,०००।- |
| घ) यन्त्ररहित प्याराग्लाईडिङ., ह्याङ ग्लाईडिङ जस्ता उपकरण | रु. २५००। |

३) नामसारी शुल्क :

| उपकरणको प्रकार | नामसारी शुल्क |
|---|---|
| क) हट एयर वेलुन | रु.१२,०००।- |
| ख) अल्ट्रालाईट/माइक्रोलाईट | रु.९०००।- |
| ग) प्यारामोटर तथा अन्य यन्त्र जडित उडान उपकरण | रु.६,०००।- |
| घ) यन्त्ररहित प्याराग्लाईडिङ., ह्याङ ग्लाईडिङ जस्ता उपकरणहरु | रु.१०००। |

४) टाईप प्रमाणपत्र मान्यता शुल्क :

| उपकरणको प्रकार | शुल्क |
|---|---|
| क) हट एयर वेलुन | रु.६०,०००।- |
| ख) अल्ट्रालाईट/माइक्रोलाईट | रु.५४,०००।- |
| ग) प्यारामोटर तथा अन्य यन्त्र जडित उडान उपकरण टाईप प्रमाणपत्र आवश्यक भएमा | रु.१८,०००।- |

५) उपकरणको खारेजी शुल्क :

| उपकरणको प्रकार | शुल्क |
|---|---|
| क) हट एयर वेलुन | रु.१८,०००।- |
| ख) अल्ट्रालाईट/माइक्रोलाईट | रु.१२,०००।- |
| ग) प्यारामोटर, तथा अन्य यन्त्र जडित उडान उपकरण | रु.६,०००।- |
| घ) यन्त्ररहित प्याराग्लाईडिङ तथा ह्याङग्लाईडिङ जस्ता उडान उपकरण | रु. ५००। |

---

♦ पहिलो संशोधनद्वारा संशोधन ।

६) उपकरण भाडामा लिने वा दिने व्यवस्था सम्वन्धी शुल्क :

| उपकरणको प्रकार | शुल्क |
|---|---|
| क) हट एयर वेलुन | रु.१८,०००।- |
| ख) अल्ट्रालाईट/माइक्रोलाईट | रु.१२,०००।- |
| ग) प्यारामोटर<br>तथा अन्य यन्त्रजडित उडान उपकरण | रु.६,०००।- |
| घ) यन्त्ररहित प्याराग्लाईडिङ्ग<br>ह्याङ्गग्लाईडिङ्ग जस्ता उपकरणहरु | रु.१०००। |

७) उडान योग्यता प्रमाणपत्र शुल्क **(C of A)**

| उपकरणको प्रकार | शुल्क |
|---|---|
| क) हट एयर वेलुन | रु.६००००।- |
| ख) अल्ट्रालाईट/माइक्रोलाईट | रु.५४०००।- |
| ग) प्यारामोटर, तथा अन्ययन्त्रजडित<br>उडान उपकरण C Of A आवश्यक भएमा | रु.१८०००।- |

८) उपकरण मर्मत संभार संस्था प्रमाणपत्र शुल्क :

| प्रमाणपत्र शुल्क | रु.९००००।- |
|---|---|

९) उपकरणको पार्टपुर्जा उत्पादन तथा वितरण संस्था शुल्क :

| प्रमाणपत्र शुल्क | रु.३००००।- |
|---|---|

१०) पटके उडान अनुमति शुल्क :

| उपकरणको प्रकार | शुल्क |
|---|---|
| मनोरञ्जनात्मक उड्डयन<br>कृयाकलापका जुनसुकै उपकरणका लागी<br>प्रति उपकरण | रु.५०००।- |

११) विशेष अनुमति उडान शुल्क :

| उपकरणको प्रकार | शुल्क |
|---|---|
| मनोरञ्जनात्मक उड्डयन<br>कृयाकलापका जुनसुकै उपकरणका लागी<br>प्रति उपकरण | रु.५०००।- |

(सभा, सम्मेलन, समारोह, महोत्सवमा प्रदर्शनको प्रयोजनवाट हुने उडानमा उपरोक्त शुल्कको आधा मात्र लाग्नेछ तर मनोरञ्जनात्मक मनोरञ्जनात्मक उड्डयन प्रतिस्पर्धामा भाग लिने प्रयोजनवाट भएको उडानको हकमा प्रत्येक उपकरणकले उपर्यूक्त बमोजिमको शुल्क वुझाउनु पर्नेछ ।

(विशेष उडान अनुमति शुल्क प्रत्येक पन्ध्र दिनका लागी मान्य हुनेछ)

१२) मनोरञ्जनात्मक उड्डयन प्रशिक्षण संस्थाको स्थापना र सञ्चालन प्रमाणपत्र शुल्क :

| उपकरणको प्रकार | अनुमति तथा प्रमाणपत्र शुल्क |
|---|---|
| क) हट एयर वेलुन | रु.२४००००।- |
| ख) अल्ट्रालाईट/माइक्रोलाईट | रु.२१००००।- |
| ग) प्यारामोटर तथा<br>अन्य यन्त्रजडित उडानउपकरण | रु.१,२०,०००।- |
| घ) यन्त्ररहित प्यारासुट,<br>प्याराजिन, प्याराग्लाईडिङ्ग, | रु.९०,०००।- |

ह्याङ्गग्लाईडि जस्ता उपकरणहरु

१३) सञ्चालन शुल्क :

| उपकरणको प्रकार | संचालन शुल्क |
|---|---|
| दर्ता नहुने यन्त्रसहित वा यन्त्ररहित प्यारामोटर, प्याराग्लाईडर, ह्याङ्गग्लाईडर र अन्य उपकरणहरु (प्रति उपकरण) | रु.३००००।- |

१४) व्यक्तिगत इजाजत पत्र रेटिङ्ग तथा प्रमाणपत्र शुल्कहरु :

| | उपकरणको प्रकार | ईजाजत तथा प्रमाणपत्र शुल्क |
|---|---|---|
| क) | हट एयर वेलुन | रु ६०००।- |
| ख) | अल्ट्रालाईट/माइक्रोलाईट | रु. ५०००।- |
| ग) | प्यारामोटर तथा अन्य यन्त्रजडित उडान उपकरण | रु.४०००।- |
| घ) | यन्त्र रहित प्याराग्लाईडिङ्ग, ह्याङ्गग्लाईडिङ्ग जस्ता अन्य उपकरणहरु। | रु. ३०००।- |

(२) नवीकरण बापत माथि उल्लेखित शुल्कहरुको आधा शुल्क लाग्नेछ।

रुपान्तरण : मूल नियमावलीमा रहेको "उड्डयन खेलकुद" भन्ने शब्दहरुको सट्टा "मनोरञ्जनात्मक उड्डयन" राखि रुपान्तरण गरिएको।